# आ.व.२०८२/०८३ को सार्वजनिक सुनुवाइ

श्री उपाध्यक्ष ज्यू,
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरू,
श्री राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू,
श्री सरोकारवालानिकायहरु,
श्री पत्रकारज्यूहरू,
श्री कर्मचारीज्यूहरु।

लोकतान्त्रिक प्रणालीमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता अत्यन्त महत्वपूर्ण पक्षहरू हुन। यसै सन्दर्भमा आज हामी यस खोटेहाङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३मा गाउँपालिकाद्धारा संन्चालन गरिएका कार्यक्रम योजना, बजेट उपलब्धि, चुनौती, एवं गाउँपालिकाले उपलब्ध गराएका सेवाहरूको विषयमा सार्वजनिक सुनुवाइ प्रस्तुत गर्न गईरहेका छौं।

नेपालको संविधान ,२०७२ ले स्थानीय तहलाई सरकारको एक तहको रूपमा परिभाषित गर्दै स्थानीय जनताको अधिकार, सेवा प्रवाह र विकासमा प्रत्यक्ष सहभागिता सुनिश्चित गरेको छ। स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा ५३ मा प्रत्येक गाउँपालिकाले सेवा प्रवाह विकास निर्माणका कार्य, बजेट खर्च र योजना कार्यान्वयन सम्बन्धी सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था भए अनुरूप आज सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरेका छौं।

यो कार्यक्रमले विगत अवधिमा गाउँपालिकाले संन्चालन गरेका कार्यहरूको समीक्षा, जनताको बुझाई र सन्तुष्टि स्तर मापन गर्ने तथा आगामी सुधारका सुझावहरू संकलन गर्ने अवसर प्रदान गर्दछ।

अब म आ.व. २०८२/०८३ को सार्वजनिक सुनुवाइ तपसिल अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# सार्वजनिक सुनुवाइ कार्यक्रम
# आर्थिक बर्ष २०८२/०८३ को हालसम्मको विवरण
## पुर्वाधार शाखा

- **ठेक्का नं. १ वडा नं ८ सिम्पानि देखि वडा नं ६ मेर्ला हुदै खोटेहाङ गापा केन्द्र वडा नं ७ खोटाङ बजार सडक स्तरोन्नति (KRM/Works/NCB-01/ 2082-083) काम सम्पन्न भइसकेको जसमा**
  भौतिक प्रगति १००% र वित्तीय प्रगति ९६.३९%
  **लागत अनुमान** रु.१करोड ६७ लाख ८४ हजार ६०६रुपैंया ९९पैसा ।
  **सम्झौता रकम** रु.९० लाख,८९ हजार,८ सय रुपैयाँ ०२पैसा।
  **अन्तिम भुक्तानी रकम** रु.८७ लाख,६२ हजार,९०रुपैंया३० पैसा।
  निर्माण कम्पनी :- शान्ति भूमि कन्स्ट्रक्सन
- **ठेक्का नं. २ पालिका केन्द्र खोटाङ बजार बाट एर्पोट हुँदै रोक्सिङ टुवा खोला दिप्रुङ चुइचुम्मा गाँउपालिका जोड्ने सडक (KRM/Works/NCB-02/2082-083) काम सम्पन्न भइसकेको जसमा**
  भौतिक प्रगति १००%र वित्तीय प्रगति ९४.९२% ।
  **लागत अनुमान** रु.१करोड २४ लाख ८ हजार २९२ रुपैंया.६पैसा।
  **सम्झौता रकम** रु.६९लाख ४८ हजार ६१२ रुपैयाँ २पैसा।
  **अन्तिम भुक्तानी** रकम रु.६५लाख ९५हजार ३९८ रुपैयाँ ६४ पैसा।
  निर्माण कम्पनी :- शान्ति भूमि कन्स्ट्रक्सन
- **ठेक्का नं. ३ वडा नं ८ सिम्पानि बाट बेर्रे धनमुढा पालिका केन्द्र खोटाङ बजार हुँदै जन्तेढुङ्गा गाउँपालिका जोड्ने सडक (KRM/Works/NCB-03/ 2082-083 काम सम्पन्न भइसकेको जसमा**
  भौतिक प्रगति १००% र वित्तीय प्रगति ९१.३४%
  **लागत अनुमान** रु.६६लाख १२रुपैंया.२२पैसा।
  **सम्झौता रकम** रु.३९लाख २२ हजार ५९ रुपैंया.७२ पैसा।
  **अन्तिम भुक्तानी रकम** रु.३४ लाख ४८ हजार १५८ रुपैयाँ ६पैसा।
  **निर्माण कम्पनी :- शान्ति भुमि कन्स्ट्रक्सन**

- **ठेक्का नं. ४ खोटेहाङ गाउँपालिकाको सामुदायिक विधालयहरुको शैक्षिक सुधार कार्यक्रम ( KRM/Works/NCB-04/ 2082-083) काम भइरहेको जसमा**
  भौतिक प्रगति ७०% र वित्तीय प्रगति नरहेको ।
  **लागत अनुमान** रु १ करोड ५८ लाख ७४ हजार १२१ रुपैयाँ १६ पैसा।

**सम्झौता रकम** रु.१ करोड२१ लाख ८४ हजार ५४ रुपैयाँ ६०पैसा ।
अन्तिम भुक्तानी बाकी रहेको
निर्माण कम्पनी :- निर्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. ५ वाटर टयाङ्क निर्माण झ्याम्टेवर काम सम्पन्न भइसकेको**
  **जसमा**
  भौतिक प्रगति १००% र वित्तीय प्रगति ९८.४१ % ।
  **लागत अनुमान** रु.११ लाख २३ हजार १३० रुपैयाँ ९८पैसा ।
  **सम्झौता रकम** रु. ६ लाख ४३ हजार ५९० रुपैयाँ ३२ पैसा
  **अन्तिम भुक्तानी रकम** रु.६ लाख ३३ हजार ३७६ रुपैयाँ ०९ पैसा।
  निर्माण कम्पनी :- निर्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. ६ भलिटार देखि सावा नागि जाने सडक स्तरउन्नति (KRM/Works/NCB-06/ 2082-083) काम सम्पन्न भइसकेको**
  **जसमा**
  भौतिक प्रगति १००% र वित्तीय प्रगति ९८.५१ % ।
  **लागत अनुमान** रु. १८ लाख २४ हजार १२५ रुपैयाँ ७६ पैसा ।
  **सम्झौता रकम रु.** ८ लाख १३ हजार ५३ रुपैयाँ ८८ पैसा ।
  अन्तिम भुक्तानी रकम रु.८ लाख ९४६ रुपैयाँ ७१ पैसा ।
  निर्माण कम्पनी :- निर्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. ७ वडा नं ८ सिम्पानि देखि वडा नं ६ मेर्ला हुदै खोटेहाङ गा.पा. केन्द्र वडा नं ७ खोटाङ बजार सडक स्तरोन्नति दोस्रो (KRM/Works/NCB-07/ 2082-083) काम भइरहेको**
  **जसमा**
  भौतिक प्रगति ५०% र वित्तीय प्रगति नरहेको ।
  **लागत अनुमान** रु. ७६ लाख ९३ हजार ३८१ रुपैयाँ ३३ पैसा ।
  **सम्झौता रकम** रु. ४५ लाख ७६ हजार ९४१ रुपैयाँ ५९ पैसा।
  **अन्तिम भुक्तानी** हुन बाँकी रहेको।
  निर्माण कम्पनी :- के.पि.आर ईन्द्रेणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. ८ पालिका केन्द्र खोटाङ बजार बाट एर्पोट हुँदै रोक्सिङ टुवा खोला दिप्रुङ चुइचुम्मा गाँउपालिका जोड्ने सडक दोस्रो -KRM/Works/NCB-08/ 2082-083) काम भइरहेको जसमा**

भौतिक प्रगति ५०% र वित्तीय प्रगति नभएको ।
**लागत अनुमान** रु. ५४ लाख ५७ हजार ४०५ रुपैयाँ ७३ पैसा ।
**सम्झौता रकम** रु ३६ लाख १ हजार ९१६ रुपैयाँ ९५ पैसा।
**अन्तिम भुक्तानी** हुन बाकी रहेको **।**
निर्माण कम्पनी :- के.पि.आर ईन्द्रेणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. ९ वडा नं ८ सिम्पानि बाट बेर्रे धनमुढा पालिका केन्द्र खोटाङ बजार हुँदै जन्तेढुङ्गा गाउँपालिका जोड्ने सडक दोस्रो -KRM/Works/NCB-09/ 2082-083) काम भइरहेको**
  **जसमा**
  भौतिक प्रगति ५०% र वित्तीय प्रगति नभएको ।
  **लागत अनुमान** रु. २६ लाख ७५ हजार ४३६ रुपैयाँ ०७ पैसा ।
  **सम्झौता रकम रु.**१७ लाख २५ हजार ९६७ रुपैयाँ १७ पैसा ।
  **अन्तिम भुक्तानी हुन बाकी रहेको** ।
  निर्माण कम्पनी :- के.पि.आर ईन्द्रेणी कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. १० खोटेहाङ गाउँपालिकाको सामुदायिक विद्यालयहरूको शैक्षिक सुधार कार्यक्रम दोस्रो -KRM/Works/NCB-10/2082-083) काम भइरहेको**
  **जसमा**
  भौतिक प्रगति ६०% र वित्तीय प्रगति ३४.४८% ।
  **लागत अनुमान** रु. ३६लाख ८५ हजार ७७३ रुपैयाँ ७२ पैसा ।
  **सम्झौता रकम** रु.३६ लाख २१ हजार ५२९ रुपैयाँ ३५ पैसा।
  **पहिलो रनिङ बिल** रु.१२लाख ४८ हजार ७०६रुपैंया ५५ पैसा।
  **अन्तिम भुक्तानी हुन बाकी रहेको** ।
  निर्माण कम्पनी :- कौसिटार निर्माण सेवा काठमाण्डौ
- **ठेक्का नं. ११ ईन्द्रेणीपोखरी खेलमैदान निर्माण योजना खोटेहाङ गा.पा.-६-KRM/Works/NCB-११/ 2082-083 काम सम्पन्न भइसकेको**
  **जसमा**
  भौतिक प्रगति १००% र वित्तीय प्रगति नभएको ।
  **लागत अनुमान रु.** १४ लाख ४१ हजार १२७ रुपैयाँ १२ पैसा ।
  **सम्झौता रकम** रु.१४ लाख १२ हजार ४५६ रुपैयाँ ५ पैसा ।
  अन्तिम भुक्तानी **हुन बाकी रहेको**
  निर्माण कम्पनी :- बराह पोखरी कन्स्ट्रक्सन

- **ठेक्का नं. १२ पिचुलिटार वतासे सडक विस्तार,२ नं. वडा कार्यालय परिसर घेराबेरा,नागि खेलमैदान निर्माण, कमेरेभन्ज्याङ लाहाचे सडक विस्तार (KRM/Works/NCB-१२/ 2082-083) काम भइरहेको**

  **जसमा**

  भौतिक प्रगति ५०% र वित्तीय प्रगति नभएको

  **लागत अनुमान** रु. ३१ लाख ७३ हजार ५४३ रुपैयाँ ४६ पैसा ।

  **सम्झौता रकम** रु. १८ लाख ६२ हजार ६४७ रुपैयाँ २६ पैसा।

  अन्तिम भुक्तानी **हुन बाकी रहेको।**

  निर्माण कम्पनी :- निर्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. १३ चिप्रिङ खेलमैदान विस्तार,गट्टे डाँडा बरबोटे ठुलो खोल्सी रातमाटा सडक,सिम्पानी बजार इन्टर लक ढलान र थापा गाँउ टुवाखोला सडक विस्तार ( KRM/Works/NCB-१३/ 2082-083) काम भइरहेको**

  **जसमा**

  भौतिक प्रगति ५०% र वित्तीय प्रगति प्रगति नभएको ।

  **लागत अनुमान** रु. २८ लाख ८२ हजार ९१ रुपैयाँ ५९ पैसा ।

  **सम्झौता रकम** रु. १९ लाख १७ हजार ६५१ रुपैयाँ ७८ पैसा ।

  **अन्तिम भुक्तानी हुन बाकी रहेको ।**

  निर्माण कम्पनी :- निर्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **ठेक्का नं. १४ खोटाङ जिल्ला खोटेहाङ गा.पा. बडकादियालेमा सामुदायिक पूर्वाधार निर्माण ( KRM/Works/NCB-१४/ 2082-083) काम भइरहेको**

  **जसमा**

  भौतिक प्रगति ५०% र वित्तीय प्रगति नरहेको

  **लागत अनुमान** रु. २४ लाख ५ हजार ४८२ रुपैयाँ ८९ पैसा।

  **सम्झौता रकम रु.** १७ लाख ६७ हजार ९०९ रुपैयाँ ८९ पैसा ।

  **अन्तिम भुक्तानी हुन बाकी रहेको।**

  निर्माण कम्पनी :- निर्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्स

- **१ सावा खोला मोटरेवल पुल (KRM/Works/NCB-2/ 2080-081) काम भईरहेको**

  भौतिक प्रगति ८८% र वित्तीय प्रगति ८३.८०% ।

  **जसमा**

  **लागत अनुमान** रु ३ करोड ८८ लाख ३० हजार १४४ रुपैयाँ ।

  **सम्झौता रकम** रु. ३ करोड ७ लाख ७३हजार ५५८ रुपैयाँ १३ पैसा ।

  **पाँचौं रनिङ्ग बिल रकम** रु.२करोड ५७ लाख ८९ हजार ४२१ रुपैयाँ ८० पैसा।

**अन्तिम भुक्तानी हुन बाकी रहेको।**

निर्माण कम्पनी :-अवाई शुभ एण्ड धुब्र-श्याम जे.भि.

- **वडा स्तरीय योजनाहरु**

  भौतिक प्रगति ७०% र वित्तीय प्रगति ५०%

  जम्मा योजना संख्या :- १५२ सम्पन्न योजना सङ्ख्या :-११०

# शिक्षा शाखा

| क्रस | कार्यक्रम/योजनाको नाम | विनियोजित बजेट | खर्च भएको रकम | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | विपदमा सिकाई निरन्तरता कार्यक्रम REAL PLAN | ३ लाख | ३ लाख | ५२ शिक्षक १९९२ विद्यार्थी | |
| २. | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा एकीकृत पाठ्यक्रम | ३ लाख | ३ लाख | ५६ शिक्षक | |
| ३. | विज्ञान प्रयोगशाला व्यवस्थापन | १० लाख | १० लाख | ८८ विद्यार्थी ६ शिक्षक | श्री भाषा माविले कार्य सम्पन्न गरेको |
| ४. | विद्यालयलाई आइसिटी व्यवस्थापन | १० लाख | १० लाख | ८७ विद्यार्थी १० शिक्षक | श्री महेन्द्रोदय माविले कार्य सम्पन्न गरेको |
| ५. | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता -२०८२ | छ लाख | | | श्री लक्ष्मी माविले कार्यक्रम सम्पन्न गरेको |
| ६. | एस.ई.ई कोचिङ कक्षा सपोर्ट कार्यक्रम | १२ लाख | ९ लाख ७ हजार ८ सय | १७५ विद्यार्थी १०० अभिभावक३० शिक्षक | एस ई ई परीक्षा केन्द्र संचालन खर्च समेत |
| ७. | प्रसुति विदामा रहेका शिक्षकहरुको लागि सट्टा शिक्षकको पारिश्रमिक | ३ लाख ७५ हजार | ७५ हजार | विद्यार्थी ५ शिक्षक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | अध्यक्ष कप २०८२ | ८ लाख | ८ लाख | | श्री सिम्पानी मावि |
| ९. | सेनेटरी प्याड व्यवस्थापन | १० लाख ६७ हजार | १० लाख ६३ हजार | ९०६ जना छात्रा किशोरी कक्षा ६-१२ अध्ययनरत | |
| १०. | कक्षा ५ तथा ८ पालिका स्तरीय परीक्षा व्यवस्थापन | ७ लाख | ७ लाख | ७६६ विद्यार्थी, २७ केन्द्राध्यक्ष १२० शिक्षक | |
| ११ | निःशुल्क पाठयपुस्तक | २९लाख | २३लाख | ४३सय विद्यार्थी शिक्षक | |
| १२. | शैक्षिक क्यालेण्डर छपाई | २ लाख | २ लाख | ४३ सय विद्यार्थी ३५० शिक्षक कर्मचारी र अन्य अभिभावक | |
| १३. | विद्यार्थी दिवा खाजा रकम | ७८ लाख ५२ हजार | ३४ लाख ६९ हजार | २००६ विद्यार्थी तथा ७०० अभिभावक | |
| १४. | विद्यालय अनुगमन | ५० | | | |

## स्वास्थ्य शाखा

- खोटेहाङ गाउँपालिकाको आयोजना सामुदायिक प्रतिष्ठान नेपालको समन्वय र शीर मेमोरियल एड्भेन्टिष्ट अस्पताल बनेपा काभ्रेको प्राविधिक सहयोगमा आङ खस्ने समस्या भएका ५ जना महिलाहरुलाई गाउँपालिकाको आर्थिक सहयोगमा नि :शुल्क शल्यक्रिया सेवा प्रदान गरिएको छ। **(खर्च रकम रु.२ लाख ५७ हजार ३ सय ४१ मात्र)**
- ग्रामिण अल्ट्रासाउण्ड मेशिनबाट गर्भवती अवस्थामा आमाको स्वास्थ्य जाँच गरि जटिलताहरु समयमानै पहिचान गरि ब्यवस्थापन तथा प्रेषण गर्ने उदेश्यले सबै स्वास्थ्य चौकीहरुमा मासिकरुपमा ग्रमिण अल्ट्रासाउण्ड (RUSG) सेवा सुरुवात गरि १०७ जना गर्भवती आमाहरुलाई ग्रमिण अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको छ।
- रोग निदान तथा उपचारमा सहजता बनाउन आधारभुत अस्पताल ईन्द्राणीपोखरीमा वायोकेमेस्ट्री एनालाईजर मेशिन जडान गरि बिभिन्न रगतका जाँचहरु (LFT, RFT, Cholesterol) सुरुवात गरिएकोछ।

- सबै स्वास्थ्य संस्थाहरुबाट लामो अवधि काम गर्ने अस्थायी परिवार योजनाका सेवाको पहुँच विस्तार गर्ने उदेश्यले स्वास्थ्य तालिम केन्द्र धनकुटाको समन्वय तथा कोशी अस्पतालको प्राविधिक सहयोगमा ५ जना (नर्सिङ तथा पारामेडिक्स) कर्मचारीहरुलाई **Implant** तालिम प्रदान गरी  सेवा सुरुवात गरिएकोछ। **(खर्च रकम रु.१ लाख ९९ हजार ७ सय ५५ मात्र)**
- प्रजनन स्वास्थ् रुग्णताको रोकथाम, व्यवस्थापन र उपचारका लागि आङ खस्ने समस्या र पाठेघरको मुखको क्यान्सर भएका महिलाहरु पहिचान गर्न स्वास्थ्य चौकी सावाकटहरे, वाप्लुखा र लिकुवापोखरीमा १८० जना महिलाहरूको स्क्रिनिङ गरि जटिलता भएका ३ जना महिलाहरूलाई प्रेषण गरिएको छ। साथै पाठेघर खसेका ८ जना महिलाहरूलाई Ring Pessary लगाइएको छ। **(खर्च रकम रु.१ लाख ५० हजार मात्र)**
- खोटेहाङ गाउँपालिकाको आयोजना तथा स्वास्थ्य निर्देशनालय धनकुटाको प्राविधिक सहयोगमा क्षयरोगको जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका २ स्थानहरू सिम्पानी र सावाकटहरेमा AI जडित डिजिटल पोर्टेवल एक्सरे मेसिनद्वारा ५८१ जनाको छातीको एक्सरे गरि ५७ जनाको खकारको नमुना संकलन  गरि जिल्ला अस्पताल खोटाङमा Gene Xpert  मेसिनद्वारा खकारको जाँच गरिएको र जाँच गर्दा एक जना व्यक्तिमा क्षयरोग पत्ता लागी उपचारको दायरामा ल्याइएको छ। **(खर्च रकम रु.१ लाख ५ हजार)**
- ग्रामिण अल्ट्रासाउण्ड मेशिनबाट गर्भवती अवस्थामा आमाको स्वास्थ्य जाँच गरि जटिलताहरु समयमानै पहिचान गरि ब्यवस्थापन तथा प्रेषण गर्ने उदेश्यले सोलु पोलिटेक्निकल एकेडेमीको सहयोगमा आधारभूत अस्पताल ईन्द्राणीपोखरीमा कार्यरत नर्सिङ कर्मचारीलाई २१ दिने ग्रामिण अल्ट्रासाउण्ड तालिममा जिल्ला अस्पताल गाईघाटमा पठाईएको छ।
- नवजात शिशुमा हुन सक्ने जन्मदोष (Birth Diffect) र बालबालिकाहरूमा हुन सक्ने अपाङगताको शीघ्र पहिचान तथा ब्यवस्थापनका लागि सबै स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण गरिएकोछ।
- स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानमा स्वास्थ्य सेवा पहुँचलाई सहज बनाउन खोटेहाङ गाउँपालिका वडा नं.-२, दितुङमा सामुदायिक स्वास्थ्य इकाई बिस्तार गरि स्वास्थ्य सेवा दिन सुरुवात गरिएकोछ।
- नसर्ने रोगहरूको प्रारम्भिक चरणमा रोग पत्ता लगाएर नियन्त्रण गर्न प्रत्येक बर्षको फागुन महिनालाई नसर्ने रोग सम्वन्धी स्क्रिनिङ कार्यक्रमको रुपमा सञ्चालन गरि सबै

संस्था र टोल टोलमा २२५७ जनामा स्क्रिनिङ कार्यक्रम सञ्चालन गरेर मधुमेह, उच्च रक्तचाप, मोटोपना र मृगौला रोगहरूको पहिचान गरिएको छ। **(खर्च रकम रु.१ लाख ४६ हजार ८ सय ४० मात्र)**

**मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू**

- ५ विद्यालयमा विद्यालयस्तरको कार्यक्रमहरू सम्पन्न
- ४ वटा आमा समूह स्तरको कार्यक्रम सम्पन्न
- ३ वटा महिला स्वयंसेविकाहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न
- हाल सम्म २८ जना मानसिक समस्या भएका व्यक्तिहरूको पहिचान गरी १८ जना समाधान भएको
- मानसिक स्वास्थ्य तथा आत्महत्या न्युनिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

## आयुर्वेद स्वास्थ्य सेवा

| क्र.सं | सेवा | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | साधारण उपचार | २५७ | २६९ | ५२६ | |
| २ | गाउँघर क्लिनिक संचालन | २३१ | १४८ | ३७९ | |
| ३ | जेष्ठ नागरिक स्वास्थ्य प्रबर्द्धनात्मक कार्यक्रम | ५५ | ५९ | ११४ | |
| ३ | पंचकर्म पुवकर्म ( स्नेहन । स्वेदन ) | ९ | २ | ११ | |
| ५ | स्तनपायी आमालाई दुग्धबर्द्धक औषधि वितरण | २६ | ० | २६ | |

## महिला तथा बालबालिका शाखा

- गत आ.व मा खोटेहाङ गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिको संख्या ४७९ थियो र यस आ.व २०८२/८३ मा खोटेहाङ गाउँपालिका भित्र रहेका अपाङ्गता भएका

व्यक्तिहरुको सिफारिस अनुसार अपाङ्गता समन्वय समितिको बैठक द्धारा अपाङ्गता परिचय पत्र **पुर्ण अशक्त (क वर्ग) - ३ वटा, अति अशक्त (ख वर्ग) – १०वटा, मध्यम (ग वर्ग ) – ७ वटा र सामान्य अपाङ्गता (घ वर्ग) - ३ वटा** गरि जम्मा २३ वटा अपाङ्गता परिचय पत्र वितरण गरिएको छ। हाल सम्मको अपाङ्गता भएका व्यक्ति संख्या ५०२ जना रहेको छ ।

- खोटेहाङ गाउँपालिका भित्रका ६० वर्ष उमेर पुरा भएका जम्मा १५ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरियो।
- बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण तथा प्रतिवद्धता कार्यक्रम सम्पन्न भैसकेको छ । पालिका लाई बालमैत्री स्थानीय तह २०८४ चैत्र मसान्त सम्म घोषणा गर्ने । **बजेट ४ लाख**
- कृतिम हात आवश्यकता अपाङ्गता भएका व्यक्तिहरुलाई राष्ट्रिय अपाङ्गता महासंघको सहजिकरणमा २ जना अपाङ्गता भएका व्यक्तिहरुलाई कृत्रिम हात नापजाच गरि जडान पनि भैसकेको छ।

१ खोटेहाङ -७ बाट प्रकाश वि क

२ खोटेहाङ -१ बाट कृष्णा कुमार प्रोखेल

- ३५ जना अपाङ्गता भएका व्यक्तिहरुको लागि आबश्यक सहायक सामाग्रीहरु खरिद गरि वितरण पनि भैसकेको छ। **बजेट २ लाख २५ हजार**
- १६ जना अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार सम्पन्न भएको छ। **बजेट १ लाख ९५ हजार**
- २ जना अपाङ्गता भएका व्यक्तिहरुका लागी पहुँचयुक्त हविलचेयर मैत्री दलान आगन र ट्वाईलेट जाने बाटो स्लाप ढलान भैसकेको छ । **बजेट ४०हजार**

१ खोटेहाङ -९ बाट रिता बि क

२खोटेहाङ -८ बाट सुशिला श्रेष्ठ

- अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा पहुँच पुर्याई शिक्षा पाउने अधिकार सुनिश्चित गर्नका लागि अपाङ्गताको गम्भिरताका कारणले विद्यालय पहुँच नपुगेका ३ जना अपाङ्गता भएका बालबालिकालाई घरमा आधारित शिक्षा प्रदान गरिएको छ । **बजेट १३ हजार ५ सय**

१ खोटेहाङ -८ बाट सरगम राई

२ खोटेहाङ -९ बाट कविता भुजेल

३ खोटेहाङ - ५ बाट विनुशा राई

- अपाङ्गता भएका व्यक्तीहरुको लागी ३० जनाको सदस्य भएको सहकारी संस्था गठन र दर्ता गरेर सहकारी शिक्षा सम्बन्धी २ दिने तालिम प्रदान गरियो । **बजेट १ लाख ३३ हजार ५ सय**

- अपाङ्गता भएका व्यक्तीहरुको प्रतिभा पहिचान तथा प्रस्फुटन कार्यक्रम २ चरणमा सम्पन्न गरियो जसमा ३५ जनाको सहभागिता रहेको थियो । सहभागिको प्रतिभा मुल्याङकन गरि प्रथम द्वितिय र तृतियलाई पुरस्कार प्रदान गरिएको थियो। **बजेट १ लाख ५० हजार ।**

## आर्थिक प्रशासन शाखा

- खोटेहाङ गाउँपालिकाको आ.व. २०८२।८३ मा प्रस्ताविक आय रकम रु. ५७ करोड ८७ लाख २६ हजार ८१९ रहेको मा हाल सम्म निकासा भएको रकम रु. ५३ करोड १७ लाख ८० हजार ७८२ रहेको छ । जस मध्ये हाल सम्म **आन्तरिक राजश्व संकलित रकम रु. ४० लाख ११ हजार** रहेको छ । गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमको वित्तिय प्रगति तर्फ हाल सम्म खर्च **रकम रु. ३३ करोड ७ खाल १४ हजार** प्रतिशमा ५७.१४ रहेको छ जस मध्ये चालु खर्च ६०.९७ प्रतिशत र पूजिगत खर्च ४५.४० प्रतिशत रहेको छ ।

## प्रशासन शाखा :

- स्वीकृत दरबन्दी तेरिज बमोजिम रिक्त रहेको विभिन्न सेवा समूह, पद र तहमा लोकसेवा आयोगमार्फत पदपूर्ति प्रकृया अगाडि बढाइएको साथै बाँकी केही पदहरूको विज्ञापन गरी आन्तरिक परीक्षा प्रणाली मार्फत पदपूर्ति गर्नुका साथै कर्मचारीहरूलाई आन्तरिक सरुवा र कामकाजमा खटाइएको छ :

***यस गाउँपालिकामा कर्मचारीहरूको विधमान दरबन्दी र पदपूर्तिको अवस्था।***

| | स्वीकृत दरबन्दी | स्थायी पदपूर्ती | करार पदपूर्ती | शसर्त अनुदान कार्यक्रम करार | कैफियत |
|---|---|---|---|---|---|
| पालिका विभिन्न शाखा अन्तर्गत | ४६ | १५ | ४२ | १६ | |
| स्वास्थ्य, आयुर्वेद तर्फ | ६४ | १५ | ५३ | | |
| **जम्मा** | **११०** | **२९** | **९५** | | |

जसमा,

क) चालू आ.व. मा प्रदेश लोकसेवा आयोगमार्फत पदपूर्ति भएको/हुने पदहरूको विवरणः

| क्र.स. | पद | माग गरिएको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | शाखा अधिकृत सातौं | १ | प्रदेश लोकसेवा आयोग मार्फत पदपूर्ती भईसकेको |
| २ | प्रशासन सहायक पाँचौं | २+२=४ | बढुवाबाट पदपूर्ती हुन नसकी खुला तर्फबाट पदपूर्ती हुने २ |
| ३ | प्रशासन सहायक चौथो | ३ | |
| ४ | स.म.वि.नि. | १ | |
| ५ | हेल्थ असिस्टेन्ट | ४ | |
| ६ | अ.हे.व. | ४ | |
| ७ | अ.न.मि. | ४ | |

ख) चालू आ.व. मा बढुवाद्वारा पदपूर्ति र रिक्त भएको पदहरूको विवरणः

| क्र.स. | पद | पदपूर्ती/रिक्त सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन सहायक पाँचौ | ३ पदपूर्ती | |
| २ | प्रशासन सहायक चौथो | ३ रिक्त | |
| ३ | सब-ईन्जिनियर | ३ पदपूर्ती | १ जानाको सरुवा भईसकेको |
| ४ | अ.सब-ईन्जिनियर | १ रिक्त | |
| ५ | स.म.वि.नि. | १ रिक्त | |

ग) चालू आ.व. मा करार सेवामार्फत २०८३/०२/२३ सम्म पदपूर्ति भएको पदहरूको विवरणः

| क्र.स. | पद | पदपूर्ती सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | |
| २ | कृषि स्नातक | १ | |
| ३ | कृषि सहायक चौथो | १ | |
| ४ | अ.हेव. | २ | |
| ५ | रेडियोग्राफर | १ | २ पटक |
| ६ | गाउँ प्रहरी जवान | १ | |
| ७ | N-WASH, प्राविधिक गणक | ४ | कार्यक्रमहरु कार्यान्वयन भैरहेको |
| ८ | N-WASH, सामाजिक गणक | ९ | |

| | | | |
|---|---|---|---|
| ९ | गरिब घरपरिवार गणक | ६ | |
| **जम्मा** | | २६ | |

- संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भई प्रस्तावित नयाँ संगठन संरचना र दरबन्दी तेरिज कार्यपालिकाबाट स्वीकृत भई आगामी १९ औं गाउँ सभामा पेश गर्ने तयारीमा रहेको।
- व्यवसाय दर्ता, सघं-संस्था दर्ता, संस्था दर्ताको प्रमाणपत्र वितरण र नवीकरणका साथै गाउँपालिका भित्र स्थापना भएका "घ" वर्गका निर्माण व्यवसायीको संस्था साथै समितिहरूको दर्ता गर्ने कार्य निरन्तर भइरहेको छ, जसमा कृषि फर्म तथा अन्य विभिन्न व्यवसाय दर्ता चालू आ.व. मा ३ गरी हालसम्म जम्मा १६३ वटा, चालू आ.व.मा १५ गरी हालसम्म जम्मा ४६ वटा संघ-संस्थाहरू र ५ वटा गरी हालसम्म जम्मा ८ वटा "घ" वर्गको निर्माण व्यवसाय दर्ता भएका छन्।

- गाउँपालिका मातहत रहेका वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयहरूको अनुगमन एवं निरीक्षण गरी सेवा प्रवाहको अवस्थालाई बुझि थप सुधार के गर्न सकिन्छ भन्ने विषयमा आवश्यक सुझाव सल्लाह तथा पृष्ठपोषण प्रदान गरिएको ।
- स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने ऐन, कानुन र कार्यविधिहरूको निर्माण, आवश्यकताको आधारमा संशोधन/परिमार्जन तथा स्थानीय राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याइएको।
- इलाका प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, इलाका प्रहरी कार्यालयको समन्वयमा स्थानीय बजारहरूको समय-समयमा अनुगमन तथा निरीक्षण गरि म्याद नाघेका अखाद्य बस्तुहरू नष्ट गरी आम उपभोक्ताहरूको हितको लागि जनचेतना जगाउने कार्य भएको छ ।

## ***आन्तरिक लेखापरीक्षण :***

- गत आ.व. ०८१/८२ को आन्तरिक लेखा परीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको जसमा, असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने गरी जम्मा बेरुजू रु.५३,४८,३०७.६१। कायम भएकोमा केही बेरुजू असुल तथा फर्स्यौट गरिएको र बाकी मलेप भए पश्चात् मलेप रिपोर्ट मा नै समावेश भएको।

# पशु सेवा शाखा

- खोटेहाङ गाउँपालिका पशु सेवा शाखाद्वारा आ.व.२०८२/८३ मा रु. ८ लाख बजेटबाट आधारभूत पशु स्वास्थ्य औषधी तथा रेबिज भ्याक्सिन खरिद गरि प्रत्येक वडाको प्राविधिकहरु मार्फत पशु स्वास्थ्य सेवा प्रवाह भईरहेको छ।
- पशुपन्छीमा लाग्ने खोरेत, पी.पी.आर र स्वाईन फिवर रोगहरु विरुद्धको खोप अभियन संचालन गरी सम्पन्न भएको छ।
- खोटेहाङ गाउँपालिका पशु सेवा शाखाले रु ५ लाख बजेटबाट वडा नं. १ मा व्यवसायीक कृषकलाई बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गरी सम्पन्न भएको छ।
- खोटेहाङ गाउँपालिका पशु सेवा शाखाले कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तर्गत १०८ जना एकल तथा दलित महिलाहरूलाई गिरिराज जातको कुखुरा वितरण गरेको छ।
- खोटेहाङ गाउँपालिका पशु सेवा शाखाले सबै वडाहरुको १०-१० जना अगुवा तथा व्यवसायीक कृषकहरुलाई कृषि तथा पशुपन्छि वीमा सम्बन्धि अभिमुखीकरण तालिम सम्पन्न भएको छ।
- खोटेहाङ गाउँपालिकाको सबै वडाहरूमा वडा स्तरीय उत्कृष्ट कृषक छनोट गरी पुरस्कार वितरण कार्य सम्पन्न भएको छ।
- **पशु स्वास्थ्य उपचार सेवा तर्फः-**
  - खोटेहाङ गाउँपालिका पशु सेवा शाखाले पशु स्वास्थ्य उपचार तर्फ जम्मा ७९४ कृषक घर परिवार लाई सेवा प्रदान गरिएको छ।

    जसमा,

    १) मेडिकल उपचार- ८३९२ वटा,
    २) गाईनोलोजिकल सेवा- ९७ वटा,
    ३) माईनर सर्जिकल सेवा-१०८ वटा,
    ४) गोबर परीक्षण सेवा-१४ वटा,
    ५) बन्ध्याकरण सेवा ठूलो-सानो गरी १५३ वटा
  - यसरी हाल सम्म पशु सेवा शाखाबाट जम्मा ८ हजार ७ सय ६४ वटा पशुपन्छिहरुलाई उपचार सेवा प्रदान गरिएको छ।

# कृषि शाखा

**१. संघीय शसर्त अनुदान तर्फः**

**सिंचित क्षेत्रमा चैते धान प्रवर्द्धनः** ९ लाख ७५ हजार रुपैयाँको बजेटमार्फत वडा नं ९ को ठुलीबेसी र बाहबीसे सिंचित क्षेत्रमा कुलो मर्मत, उन्नत बिउ बिजन, प्रविधि सहितको चैते धान खेति,हाते ट्याक्टर र थ्रेसर वितरण गरिएको छ। कार्यक्रम सम्पन्न भई हाल भुक्तानीको प्रक्रियामा छ।

**कृषि, पशु तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रमः** ५० हजार रुपैयाँको बजेटमा वडा नं २, ३, ६, ७ र ८ मा ६७९ घरधुरीको वास्तविक तथ्यांक संकलन गरिएको छ। साथै, ५४ वटा माटोको नमुना संकलन गरी डिजिटल माटो म्यापिङको आधारशिला तयार पारिएको छ।

**२. प्रदेश शसर्त अनुदान तर्फः**

**अलैंची खेती प्रवर्द्धनः** २० लाख रुपैयाँको बजेटमार्फत वडा नं ३ मा अलैंची खेतीको पकेट क्षेत्र निर्माणका लागि बिरुवा, मेसिनरी, इन्टेक ट्यांकी र सिँचाइ पोखरी निर्माण कार्य शतप्रतिशत सम्पन्न गरिएको छ र उक्त कार्यक्रम भुक्तानी हुने क्रममा छ। यसले व्यावसायिक अलैंची खेतीतर्फ कृषकलाई प्रेरित गरेको छ।

**केरा खेती प्रवर्द्धनः** ३ लाख ५० हजार रुपैयाँ बजेट रहेको यस कार्यक्रममार्फत वडा नं ७ (पुरानागाउँ) मा व्यावसायिक केरा खेती प्रवर्द्धनको कार्य अन्तिम चरणमा पुगेको छ।

**कृषि बजार शेड निर्माणः** १० लाख रुपैयाँको लागतमा वडा नं ३ (ठाँटीभन्ज्याङ) मा कृषि बजार शेड निर्माण कार्य भइरहेको छ। यसको निर्माण सम्पन्न पश्चात। स्थानीय कृषकहरूले आफ्ना उत्पादनहरू सजिलै बिक्री गर्ने वातावरण सिर्जना भएको छ।

**बाली तथा माटो उपचार शिविरः** कृषि ज्ञान केन्द्र, खोटाङको आयोजना तथा कृषि शाखाको समन्वयमा वडा नं ८, सिम्पानीमा माटो उपचार शिविर र वडा नं ७, खोटाङ बजारमा बाली उपचार शिविर कार्यक्रममा कृषकहरूलाई माटोको स्वास्थ्य र बालीमा लाग्ने रोग, किरा नियन्त्रणबारे प्राविधिक सेवा  प्रदान गरिएको छ।

**३. संघीय समानीकरण अनुदान तर्फः**

**रासायनिक मल ढुवानी कार्यक्रमः** ९ लाख ५० हजार रुपैयाँ बजेटबाट ९३.७ मेट्रिक टन (१८७४ बोरा) रासायनिक मल (युरिया) समयमै गाउँपालिकाको विभिन्न वडाहरूमा ढुवानी गरी वितरण गरिएको छ। यसले गर्दा चैते धानको सिजनमा कृषकहरूलाई मल अभाव हुन पाएको छैन।

**कृषि यन्त्रीकरण प्रवर्द्धन कार्यक्रमः** १३ लाख २५ हजार रुपैयाँको बजेटबाट १८ जना कृषकहरूलाई ७५% अनुदानमा हाते ट्याक्टर वितरण गरिएको छ। यसले श्रम कटौती र आधुनिक खेती प्रविधिलाई प्रोत्साहन गरेको छ।

**उन्नत जातको बीउ-बेर्ना खरिदः** १ लाख ४९ हजार रुपैयाँ बजेटबाट उन्नत जातको तरकारी बीउ खरिद गरी वडागत प्राविधिक मार्फत कृषकहरूलाई वितरण भइरहेको छ।

**लिची प्रवर्द्धन कार्यक्रमः** १ लाख ५० हजार रुपैयाँको यस कार्यक्रमबाट वडा नं ३ (सावाकटहरे) मा लिची खेतीको व्यावसायिक प्रवर्द्धन कार्य सम्पन्न गरी उपभोक्ता समितिलाई भुक्तानी भइसकेको छ।

**४. आकस्मिक सेवा र नियन्त्रण कार्यक्रमः**

**फौजी किरा नियन्त्रणः** मकै बालीमा देखिएको फौजी किराको प्रकोपलाई नियन्त्रण गर्न शाखा र वडाहरूबाट 'इमामेक्टिन बेन्जोएट' नामक विषादीको उचित मात्रामा वितरण गरी प्राविधिक परामर्शसहित सेवा प्रवाह भइरहेको छ।

**५. समन्वय तथा सहजीकरण**

कफी खेती सम्बन्धी तालिममा समन्वयः राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, हिलेसँगको समन्वयमा कफी नर्सरी तथा बगैंचा व्यवस्थापन तालिम सञ्चालनका लागि यस शाखाले आवश्यक सहरीकरण गरेको छ। उक्त तालिममा वडा नं १, २, ३, ४ र ७ का कृषकहरूको 'बडकादियाले' मा र वडा नं ५, ६, ८ र ९ का कृषकहरूको 'सिम्पानी' मा सहभागिता सुनिश्चित गरिएको थियो। यस कार्यले पालिकामा कफी खेतीको सम्भाव्यता अध्ययन र विस्तारमा सहयोग पुग्ने विश्वास लिइएको छ।

## बहु क्षेत्रीय पोषण कार्यक्रम

- सुनौलो हजार दिनका आमाहरुलाई बाल्यकालिन स्याहार तथा खानपान सम्बन्धि व्यावहार परिवर्तन कार्यक्रम १ देखि ९ वटै वडाहरु मा सम्पन्न भइसकेको छ । **(बजेट १ लाख ३५ हजार )**
- किशोर किशोरीहरु लाई जोखिमपूर्ण समयमा हात धुने अभियान तथा व्याक्तिगत सरसफाई र स्वच्छता सम्बन्धि अभिमुखिकरण कार्यक्रम ९ वटा मा.वि.हरुमा संचालन गरिएको छ । **(बजेट २ लाख ६५ हजार)**
- वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक १ देखि ९ वटै वडाहरुमा सम्पन्न भएको छ । **(बजेट १ लाख ८ हजार )**
- सुनौलो हजार दिनका विपन्न महिलाहरुलाई पोषण सुधारका लागि आयआर्जन अनुदान कार्यक्रम वडा नं. ५ चिप्रिङ छनोट भइ कार्यक्रम संचालन प्रकृयामा रहेको छ । **(बजेट ६ लाख २५ हजार)**

## लघु उद्यम विकास कार्यक्रम (मेड्पा)

- कार्यापालिका बाट छनौट भएका वडा नं.१ लिकुवापोखरी र वडा नं.३सावाकटहरेमा १ दिने वडास्तरीय अभिमुखिकरण तथा उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रम सम्पन्न गरिएको छ।**(रु छपन्न हजार ५६०००।-)**
- वडा नं.१ लिकुवापोखरी र वडा नं.३सावाकटहरेम ७ दिने उद्यशिलता विकास तालिम ३० जनामा संचालन गरी कार्यक्रम सम्पन्न गरिएको छ ।**(रु.एक लाख तिस हजार १३००००।-)**

- वडा नं.१ लिकुवापोखरी र वडा नं.३ सावाकटहरेमा स्थानीय स्रोत र साधनलाई मध्य नजर गर्दै सालको पातको दुना टपरी सम्बन्धी २ दिने सीप विकास तालिममा दुई वडाका ३० जना सहभागीमा तालिम सम्पन्न गरिएको छ। **(रु चार लाख ४०००००।-)**
- लघु वित्त र बजारीकरण सम्बन्धी वडा नं.१ लिकुवापोखरी र वडा नं.३सावाकटहरेका सहभागीहरुलाई लघु वित्तयमा पहुँच तथा बजारीकरण सम्बन्धी १ दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ। **(रु. पचास हजार ५००००।-)**
- आ.ब २०८१/८२ मा संचालित सालको पातको दुनाटपरी तालिम लिएको सहभागीसहरुको आवश्यकता पहिचान गरी आवश्यकता र वस्तुलाई बजार सम्म लैजान सहज बनाउनका लागि वडा नं ८सिम्पानी र वडा नं.९ लिच्कीराम्चेमा स्तरोउन्नती तथा एड्भान्स तालिम अन्तर्गत लेवलिङ्ग व्याकेजिङ्ग र बजारीकरण सम्बन्धी २ दिने तालिम संचालन गरी सम्पन्न गरिएको छ। **(रु.सत्तरी हजार ७००००।-)**
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नेका लागि ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ दफा २४ बमोजिम कार्यक्रमको ८०% प्रतिशत लगानी र समूहको २०% लगानी कार्यक्रमा वडा नं.८ सिम्पानीका प्रगतिशिल दुनाटपरी लघु उद्यमी समुह,मिलीजुलि दुनाटपरी लघु उद्यमी समुह र वडा नं.९ लिच्कीराम्चेका झ्यामेटेवर दुनाटपरी लघु उद्यमी समुह र लिच्ची समावेशी दुनाटपरी लघु उद्यमी समुहको आवश्यकता अनुसार पिलेट डाई१० इन्चको २ सेट,दुना डाई ८ इन्चका २सेट र दुना डाई ६ इन्चको ४सेट गरी जम्मा ८ सेट मेसिन औजार अन्तर्गत समूहमा हस्तान्तरण गरीएको छ।(एक लाख चालिस हजार १४००००।-)

## रोजगार शाखा

- राष्ट्रिय रोजगार सेवा केन्द्रमा सूचिकृत ५५७ जना वेरोजगार व्यक्तिहरु मध्ये ६५ जनाले दैनिक ज्याला रकम रु.७५४ का दरले १०० दिन बरावरको काम पाएका छन । **बजेट रु. ४९ लाख ४४ हजार प्राप्त भएको थियो ।**
    - ✓ वडा नंबर १ देखि ९ सम्मका सबै आयोजनाका सडक खण्डमा सोलिङ निर्माण,नालि खन्ने झाडि फाड्ने लगायतका योजनाहरु सम्पन्न भईसकेको छ। अन्तिम भुक्तानी हुन बाँकी रहेको छ ।
    - ✓ रोजगारी सिर्जनाको कार्य प्रगति ९५ प्रतिशत सम्पन्न भई सकेको छ ।
- २०८२/०८३ मा जम्मा श्रम स्वीकृति हाल सम्म १५ वटा भएको छ ।
- आर्थिक वर्ष २०८२/०८३ को लागि राष्ट्रिय रोजगार पर्वर्द्धन कार्यक्रम र खोटेहाङ गाँउपालिकाको लागत साझेदारी अन्तर्गत खोटहाङ गाउँपालिका लाई विनियोजित ससर्त अनुदानको रकम तपशिल अनुसार रहेको छ।

# सामाजिक सुरक्षा

- खोटेहाङ गाउँपालिकाको दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत चालु आ.व. को पहिलो त्रैमासिकमा २४३० जना लाभग्राहीहरुलाई रु २ करोड ३२ लाख ४२ हजार ७५० रुपैया, दोस्रो त्रैमासिकमा २४३१ जना लाभग्राहीहरुलाई रु २ करोड ३१ लाख बहत्तर हजार ३९५ रुपैया, तेस्रो त्रैमासिकमा २३९७ जना लाभग्राहीहरुलाई रु २ करोड अठ्ठाईस लाख ९५ हजार २८३ रुपैया गरी कुल जम्मा ६ करोड ९३ लाख १० हजार ४२८ रुपैया रकम इ.एफ.टी मार्फत सोझै लाभग्राहीको बैङ्क खाता मार्फत वितरण गरिएको छ ।
- चालु आ.व. को चौचो त्रैमासिकमा अनुमानित २४०४ जना लाभग्राहीहरुलाई रु २ करोड २८ लाख ६६ हजार ६४० रुपैया वितरण गरिनेछ ।
- विपन्नता भएका मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार मासिक रु ५ हजारको दरले पाउने रकम पहिलो किस्ता ३२ जनालाई कुल ७ लाख ७५ हजार र दोस्रो किस्ता ३३ जनालाई कुल ६ लाख ७५ हजार गरि जम्मा १४ लाख ५० हजार रकम इ.एफ.टी मार्फत सोझै लाभग्राहीको बैङ्क खाता मार्फत वितरण गरिएको छ ।
- चालु आ.व. को चौचो त्रैमासिकमा अनुमानित ३४ जना लाभग्राहीहरुलाई रु ४ लाख ९५ हजार वितरण गरिनेछ ।

# न्यायिक समिति

- स्थानीय सरकार सञ्चालन एन, २०७५ अनुसार खोटेहाङ गाउँपालिकामा दर्ता भएका र नभएका विभिन्न विवादहरुको नियमित रुपमा वडा कार्यालय तथा न्यायिक समितिबाट समाधान भइरहेको छ ।

# सुरक्षित आप्रवासन कार्यक्रम (सामी)

- चालू आ.व.२०८२/०८३ को हालसम्म सम्ममा आप्रवासी तथा सम्भावीत परिवारका सदस्यहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सुचना तथा परामर्श विवरण दिइएको विवरण

| ब्रामण/क्षेत्री | | जनजाति | | दलित | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पु | म | पु | म | पु | म | पु | म | ९६३ |
| १०३ | ७९ | ३८१ | २३२ | ९१ | ७७ | ५७५ | ३८८ | |

कानुनी तथा आर्थिक सहजीकरण

- ✓ खोटेहाङ गा पा १ को धर्मराज तामाङ कोरियामा मृत्यु भएको आर्थिक सहायताको रु दश लाख रुपैयाँका लागि वैदेशिक रोजगार वोर्डमा कागजातहरु प्रमाणित भई सकेको छ ।
- ✓ खोटेहाङ गा पा १ लिकुवापोखरीका केशव खड्का मलेरियामा मृत्यु भएको र रु दश लाख रुपैयाँ आर्थिक सहायताका लागि वैदेशिक रोजगार वोर्डको फेमिसमा सम्पुर्ण कागजातहरु अपलोड गरि सकेको छ ।
- ✓ खोटेहाङ गा पा ९ लिच्कीराम्चेका जीवन खत्रीको मेडिकल फेल भएको चाही कागजात तयारीको गरी वैदेशिक रोजगार वोर्डको फेमिस सिस्टममा प्रविष्ट गरिसकेको छ ।
- ✓ खोटेहाङ गा पा ८ वर्रेका रामकुमार परियार वैदेशिक रोजगारीका क्रममा मलेशिया बाट मधुमेह रोग लागेर नेपाल आउनु भएको र उपचार खर्चका लागि आवश्यक कागजात वैदेशिक रोजगार वोर्डमा पठाईएको र कागजातहरु प्रमाणित भई लेखा शाखामा पठाईएको फेमिस सिस्टममा देखिन्छ ।
- ✓ खोटेहाङ गा पा ९ लिच्कीराम्चेका रुद्र बहादुर कामी साउदीमा मृत्यु भएको र आर्थिक सहायता कम्पनिले रु सात लाख प्राप्त भएको र श्रमको अवधि सकिएकोले क्रिया खर्च बापत रु २५ हजारका लागि कागजात तयारी को चरणमा रहेको छ ।
- ✓ खोटेहाङ गा पा वडा न ६ को प्रदिप वस्नेत मलेशिया बाट छुट्टीमा नेपाल आएको वेला मृत्यु भएकोमा श्रम अवधि पुरा भएकोले रु २५ हजार आर्थिक सहायताको कागजातहरू तयारीको चरणमा रहेको छ ।

**खोजतलास तथा उद्धार सहजिकरण**

- ✓ खोटेहाङ गा पा वडा न ६ का रोशन वि.क.साउदी जानुभएको मिति २०८२/०८/१२ देखि सम्पर्क बिहिन हुनुभएकोले श्रीमती सिता बि.क. ले आप्रवासी स्रोतकेन्द्रमा निवेदन २०८२/१०/२० गते निवेदन दिएपछि स्रोतकेन्द्र मार्फत वैदेशिक रोजगार वोर्डको सिस्टममा प्रविष्ट गरेपछि ४ महिनामा २०८२/१२/२४ गते सम्पर्कमा आउनु भएको छ ।
- ✓ सिम्पानीका राम कुमार मुदेल दुवईमा २०८२/११/६ गते बाट सम्पर्क विहिन हुनु भएको मा सम्पर्कमा ल्याउनका लागि वैदेशिक रोजगार बोर्डको सिस्टममा प्रविष्ट गरि सकेको छ ।

छात्रवृत्ति

रोजगारीको शिलशिलामा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीका क्रममा श्रम अवधिमा कामदार पुर्ण अशक्त , अगंभंग तथा मृत्यु भई वैदेशिक रोजगार वोर्ड बाट पुर्ण आर्थिक सहायता प्राप्त कामदारका छोरा, छोरीहरुले कक्षा १ देखि कक्षा १२ सम्म पढ्दै गरेको र उमेरको

हकमा १७ वर्ष सम्मको बालबालिकाले प्राप्त गर्न सक्छन्  यही सन्दर्भमा खोटेहाङ गा पा बाट तपशिल विद्यार्थिको नामावली फेमिस सिस्टममा  प्रविष्ट गरिएको छ ।

- ✓ रोशन विष्ट, रोजन विष्ट, पुजन विष्ट,मिसाम राई, दिपेश राना मगर , सुमित्रा रानामगर गरी ६ जनाको नाम प्रविष्ट गरिएको छुट

**सम्भावित प्रश्नावली**

- **चिस्यान केन्द्र**
- **पूर्वाधार निर्माणको काममा गुणस्तर सम्बन्धी**
-